मधुवन नगरपालिका बाट प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २ प्रकाशन मितिः २०७४साल कात्तिक १० गते शुक्रबार

**भाग-१**

## मधुवन नगरपालिकाको नगर सभाद्धारा स्वीकृत

## स्थानिय तहको विनियोजन ऐन नं. १

मधुवन नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

सभाबाट स्वीकत मितिः २०७४।०७।१०

पस्तावनाः मधुवन नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिने र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले,

नेपालको सविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मधुवन नगर सभाले यो ऐन बनाएको छ

१. सक्षिप्त नाम र पारम्भः (१) यस ऐनको नाम " मधुवन नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तरुन्त पारम्भ हनेछ ।

२. आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त मधुवन नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पुजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४९२९५८७९९। (अक्षरुपी उन्चास करोड उन्तीस लाख अन्ठाउन्न हजार सात सय उनानसय रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. <u>विनियोजनः</u> (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त मधुवन नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुन र कुनैमा अपुग हुन देखिने आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन

तर चालु तथा पुजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहार्ने एक खाताबाट अर्को खातामा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाका स्वीकृति लिनु पने

अनसचि १

(दफा२सग सम्बन्धित)

नेपालको सविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.स | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | ११२५०४९१७ | १८९६९८८२ | ०.०००० | ३०२२०३७९९ |
| २ | | वडा समिति | ५७९५००० | ६५०००००० | ०.००० | ७०७९५००० |
| ३ | | विषयगत शाखा | १०५४६०००० | १४५००००० | ०.००० | ११९९६०००० |
| ४ | | ऋणको सावाव्याज भुक्तानी | ०.००० | ०.००० | ०.००० | ०.०० |
| ५ | | लगानी (शेयर/रिन) | ०.००० | ०.००० | ०.००० | ०.०० |
| | | | | | | |

खण्डः १ संख्याः २

## मधुवन नगरपालिकाको नगर सभाद्धारा स्वीकृत

## स्थानीय तहको आर्थिक ऐननं. २

**मधुवन नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** मधुवन नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मधुवन नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम “आर्थिक ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि मधुवन नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोतः)** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी रजीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषे ध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग,बन्जी जम्पिङ्ग, जिपफ्लायरर र्या१फ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन्शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

१७. **विषेश शुल्क** नगरक्षेत्र भित्र रहेका सार्वजनिक सेवा,पार्क,विद्दालय,मठ मन्दिर,बाटे अदीके स्तर सुधार गर्न तथा सार्वजनिक प्रयेगमा ल्याउन अवश्यक शुल्क जस्तै शैक्षिक सुधार शुल्क,सडक बत्ती शुल्क कुनै स्थान वा पूरै नगरपालिका भित्र लगाउन सकिनेछ ।

१८. **शैक्षिक सुधार शुल्क** नगरपालिका क्षेत्र भित्र गुणस्तरिय शिक्षा प्रदान गर्न र शिक्षालाई प्रतिस्पर्धी बनाउन सबै नगरबासिहरू सग एक रूपता हुने गरि समान रूपमा सभाबाट स्वीकृत दरमा शैक्षिक सुधारका लागी विषेश शुल्क लिन सक्नेछ ।

१९. **बाधा अडकाउ** नियमित रूपमा लिदै अएका कर दर उल्लेखित दरमापन समेटिए हकमा समेत यसै एन बमेजिम भएक मानी कर,दस्तुर र शुल्क लिन सकिनेछ ।

| ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा |
| --- |
| आज्ञाले,<br>धर्मराज न्यौपाने<br>प्रमुख प्रशासकीय अधिकृत |